THE INSTITUTE OF
CHARTERED
ACCOUNTANTS
OF NEPAL

मितिः २०८३ श्रावण २९

# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको प्रेस नोट

## जुन २०२६ मा संचालित चार्टर्ड एकाउन्टेन्सी परीक्षाको परीक्षाफल प्रकाशित गरिएको बारे ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट जुन २०२६ मा संचालन गरिएको चार्टर्ड एकाउन्टेन्सी परीक्षाको परीक्षाफल प्रकाशित गरिएको छ ।

चार्टर्ड एकाउन्टेन्सी आधारभूत तह (Foundation) मा ५२८ जना, आधारभूत तह (CAP- I ) मा ४२ जना, मध्यम तह (CAP-II) को दुवै समूहमा १४२ जना, पहिलो समूहमा २७२ तथा दोश्रो समूहमा १९६ जना र अन्तिम तह (CAP-III) को दुवै समूहमा ५३ जना, पहिलो समूहमा १३५ तथा दोश्रो समूहमा २७१ जना परीक्षार्थीहरु उत्तीर्ण भएका छन् । परीक्षामा सहभागी परीक्षार्थीहरु मध्ये आधारभूत तह (Foundation) मा ६१.६१ प्रतिशत, आधारभूत तह (CAP- I ) मा १८.७५ प्रतिशत, मध्यम तह (CAP-II) मा १९.४३ प्रतिशत र अन्तिम तह (CAP-III) मा २२.८५ प्रतिशत उत्तीर्ण भएका छन् । चार्टर्ड एकाउन्टेन्सी अन्तिम तह (CAP-III) मा उत्तीर्ण भएका परीक्षार्थीहरु मध्ये १८६ जना संस्थाको चार्टर्ड एकाउन्टेन्ट सदस्य हुन योग्य भएका छन् ।

परीक्षाको नतिजा वमोजिम चार्टर्ड एकाउन्टेन्सी आधारभूत तह (Foundation) मा श्री स्तुति लोहनी, श्री रक्षा राई र श्री कला न्यौपाने क्रमशः प्रथम, द्वितीय तथा तृतीय स्थान तथा (CAP-I) मा श्री सौरभ झा, श्री चन्दन कुमार यादव र श्री अञ्जली सुनारले क्रमशः प्रथम, द्वितीय तथा तृतीय स्थान, मध्यम तह (CAP-II) मा श्री खुशी थापा, श्री सुन्दर ढकाल र श्री सुजन श्रेष्ठले क्रमशः प्रथम, द्वितीय तथा तृतीय स्थान र अन्तिम तह (CAP-III) मा श्री दिवस अधिकारी, श्री सक्षम पौडेल र श्री रिया राउत तथा निश्चल भण्डारीले क्रमशः प्रथम, द्वितीय तथा तृतीय स्थान हासिल गरेका छन् ।

साथै संस्थाले जुन २०२६ मा संचालन गरेको CA Membership for ACCAs तथा RA Upgrading परीक्षाको नतिजा समेत प्रकाशित गरेको छ ।

परीक्षार्थीहरुले परीक्षाको नतिजा तथा आफ्नो प्राप्ताङ्क संस्थाको वेवसाइट www.ican.org.np मा आफ्नो student login मार्फत हेर्न सकिने व्यवस्था गरिएको छ ।

सिए विमल डंगोल
कार्यकारी निर्देशक

ICAN Marg, Satdobato, Lalitpur Nepal, Tel: 0977-1-5430832, 5430730, Fax:0977-1-5450774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np